# धुनीबेशी नगरपालिका
# Dhunibeshi Municipality
## नगर कार्यपालिकाको कार्यालय
फोन : ०१०-४०१३२०
## Office of the Municipal Executive
नौबिसे, धादिङ / Naubise, Dhading
३ नं. प्रदेश, नेपाल / 3 No. Province, Nepal


पत्र संख्या (F/Y) : ०७४/०७५
मिति (Date): २०७४/११/२०
चलानी नम्बर (Ref.No.): ६२०

विषय / (Subject): प्रेस विज्ञप्ती

श्री / (Shree): ..................................................

**चालु आ.व.को अर्धवार्षिक प्रगति समिक्षा एवं बाँकी अवधिको योजना तथा कार्यक्रम स्वीकृति र नगरसभाबाट गरेका निर्णयहरुको सार्वजनिकरण**

१. धुनीबेशी नगरपालिकाले नगर कार्यपालिकाले प्रस्ताव गरेका न्यायिक समितिको कामलाई व्यवस्थित गर्न बनेको कानून, २०७४, सहकारी सम्बन्धी विधेयक, २०७४, स्थानीय कृषि व्यवस्थापन प्रवर्द्धन विधेयक, २०७४, आर्थिक कार्यविधी नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४, बजार अनुगमन सम्बन्धी कार्यविधिलाई व्यवस्थित गर्न बनेको, २०७४ पारित भएको छ ।

२. यस नगरपालिकाको भौतिक, आर्थिक तथा सामाजिक तथा समावेशी क्षेत्रको विकासको लागि करिब ४ करोड ३ लाख ५ हजार बराबरको ८२ वटा विकास योजनाहरु स्वीकृत गरेको छ । सो मध्ये सडक भवन लगायतका कार्यक्रमको लागि २ करोड ४६ लाख ५० हजार, खानेपानी योजनाको लागि ३५लाख ५० हजार र लक्षित कार्यक्रमको लागि ४२ लाख ५५ हजार र संस्थागत क्षमता विकास तथा अन्य कार्यक्रमको लागि ७८ लाख पचास हजार र शिक्षा तर्फ ५ लाख बराबरको योजना तथा कार्यक्रम स्वीकृत गरिएको छ ।

३. चालु बर्षको अर्ध बार्षिक समिक्षा र आगामी बर्षको लागि केही महत्वपूर्ण नीतिगत निर्णयहरु भएको छन ।

**निर्णयहरु**

१. चालु आ.व.को अर्धवार्षिक प्रगति समिक्षा गरी बाँकी अवधिको लागि योजना तथा कार्यक्रमहरु स्वीकृत गरिएको छ ।

२. चालु वर्षको पहिलो नगरसभाको बैठकबाट स्विकृत भएको बजेट शिर्षकमा कुल बजेट सिमा २९ करोड २२ लाख ७६ हजार बजेट सिलिङ पारित भएकोमा बजेट सिलिङ बाहिर तपसिलमा उल्लेखित विवरण अनुसार थप रकम प्राप्त भएकोले कुल बजेट सिमा ३५ करोड ६३ लाख ९६ हजार कायम गरि पारित गरिएको छ ।

| क.सं. | विवरण | रकम रु. हजारमा |
|---|---|---|
| १ | पहिलो साधारण सभाबाट प्राप्त बजेट सिलिङ | २९२२७६ |
| २ | काठमाण्डौ महानरपालिकाबाट प्रभावित वडाको लागि आएको रकम | १०००० |
| ३ | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) | १०६० |

राजेन्द्र बहादुर अर्याल
प्रशासकिय अधिकृत

| | | |
|---|---|---|
| ४ | सामाजिक सुरक्षा भत्ता | ५०५६० |
| ५ | सडक बोर्ड नेपाल | २५०० |
| | जम्मा | ३५६३९६ |

३. स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), सडकबोर्ड नेपाल, सामाजिक सुरक्षा भत्ता, अर्न्तगतका प्रस्तावित कार्यक्रमहरु अनुमोदन गरिएको छ ।

४. साविकको प्रथम नगरसभाबाट प्रत्येक वडा कार्यालय मार्फत सिफारिस भइ आएका वडा सिलिङ भित्रका योजना तथा कार्यक्रमहरु चालु आ.व.मा कार्यान्वियन हुन नसक्ने भनि वडा कार्यालयबाट वडा परिषदको सिफारिस सहित संशोधनको लागि पेश भएका योजनाहरु स्वीकृत गरिएको छ ।

५. नगरपालिकाको संचित कोषबाट विनियोजन ऐन अनुसार रकम खर्च गर्न सक्ने सिमा २९ करोड २२ लाख ७६ हजार बाट बढाई ३५ करोड ६३ लाख ९६ हजार कायम गरिएको छ ।

६. प्रथम नगर सभाबाट शिर्षकगत बजेट सिलिङ पास भएको र योजनाको विस्तृत विवरण प्रस्ताव गर्नलाई नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन भए बमोजिम चालु आर्थिक वर्षको बाँकी अवधिमा कार्यक्रम कार्यान्वयन गर्न नगरपालिकाबाट प्रस्ताव गरिएका अनुसुचि १ मा उल्लेख भएका योजना तथा कार्यक्रमहरु स्वीकृत गरिएको छ ।

७. काठमाडौं महानगरपालिकाबाट निस्कने फोहोरमैला बिर्सजन केन्द्रबाट प्रभावित हुने यस नगरपालिकाको वडा नं. १, ३ र ४ मा काठमाडौं महानगरपालिकाबाट यस कार्यालयलाई उक्त क्षेत्रको विकासको लागि प्राप्त बजेटबाट कार्यक्रम सञ्चालन गर्न विभिन्न मितिमा धुनिवेशी नगरकार्यपालिकाको बैठकबाट विनियोजन भएका तपसिलका १७ वटा योजनाहरु स्वीकृत गरिएको छ ।

<u>तपसिल</u>

१) मजुवा चिलाउने गाउँ भन्ज्याङपोखरी, धु.न.पा. - १, - रु.३५०००००।-
२) चैदारमोड पाठक गाउँ कोल्पु सोती सडक, धु.न.पा. - १, - रु.१५००,०००।-
३) महेन्द्रोदय माध्यमिक विद्यालय कम्पायण्ड विद्यालय, धु.न.पा. - १, - रु.१०,००,०००।-
४) भुमेश्थान मन्दिर तथा पर्खाल निर्माण, धु.न.पा. - १, - रु.३,००,०००।-
५) पिपलबोट ज्यामिरे सडक, धु.न.पा. - १, - रु.५००,०००।-
६) स्वाना गाउँ खिलपुजा सडक, धु.न.पा. - १, - रु.४०००००।-
७) डिम्बु फोगटा महाँटार, धु.न.पा. - १, - रु.३००,०००।-
८) मुहान पुछेमार थुम्का खानेपानी योजना, धु.न.पा. - १, - रु.३००,०००।-
९) मगरडाँडा खानेपानी योजना, धु.न.पा. - १, - रु.४००,०००।-
१०) धुनीवेंशी फुटवल एकेडेमि पिपलचौर ग्राउण्ड सर्वेक्षण, धु.न.पा. - १, - रु.२०००००।-
११) बच्छला देवी मन्दिर संरक्षण योजना, धु.न.पा. - १, - रु.१०००००।-
१२) पाल्तेपानी खानेपानी तथा मुल सरसफाई समिति,
खानेपानी पूर्वाधार कार्यक्रम धु.न.पा.-३ - रु. ५०००००।
१३) कात्तिके मगर गाउँ खानेपानी योजना धु.न.पा.-३ - रु.१५०,०००।-
१४) कात्तिके ढुंगाना टोल खानेपानी योजना धु.न.पा.-३ - रु.१५०,०००।-
१५) चिउरीबोट लिफ्ट खानेपानी योजना धु.न.पा.-३ - रु.१०००००।-
१६) अम्बोट लिफ्ट खानेपानी योजना धु.न.पा.-३ - रु.१००,०००।-
१७) स्टोरमोड कोल्पुखोला सडक चौडा तथा नाली, धु.न.पा. - ४, - रु.५००,०००।-

८. सडक बोर्डबाट प्राप्त हुने बजेट रु.२५०००००।- को लागि नौविसे बजार हुँदै दोभानसम्म जाने सडक योजना छनौट गर्ने निर्णय गरियो । उक्त योजनाको लागि सडक बोर्डबाट प्राप्त हुने

योजनालाई ७०% मानि बाँकी ३०% रकम समपुरक कोष (Matching fund) बाट व्यवस्था गर्ने कार्यपालिकाको निर्णय अनुमोदन गरियो ।

९. शेषकान्त फाउण्डेशनसँग यसै नगरपालिकाको वडा नं. ५ मा संचालित २०५ घरधुरीका ५१५ जना जनसंख्यालाई व्यवस्थित खानेपानी उपलब्ध गराउन लागत साझेदारीमा खानेपानी योजना सम्पन्न गर्न नगरकार्यपालिकाले गरेको निर्णय अनुमोदन गरियो ।

१०. <u>आर्थिक तथा कर सम्बन्धी प्रस्तावहरु</u>

१. यस नगरपलिकाको विज्ञापन कर बापतको न्यूनतम अंक रु.५ लाख कायम भई दुई वर्षको लागि टेन्डर आव्हान भएकोमा मूल्य अभिवृद्धि कर र आय कर सहित पेश भएको विज्ञापन कर बापतको रकम १२८२५७१।- स्वीकृत गरिएको छ ।

२. स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ३५ बमोजिम नक्सा हेरफेर गर्न स्विकृति दिएकोमा नक्सा बनाउँदा लागेको कुल रकमको १० प्रतिशत थप दस्तुर लिई नक्सा स्वीकृति गर्ने निर्णय गरिएको छ ।

३. नगर कार्यपालिकाले निर्णय गरे बमोजिम ढुङ्गा गिटी बालुवामा सडक प्रयोग शुल्क एवं पर्यावरण प्रदुषण शुल्क तपसिल बमोजिमको असुल गर्ने प्रस्ताव स्विकृत गरिएको छ ।
प्रति ट्रिप निशान गाडी - ३००।-
प्रति ट्रिप आइचार गाडी - ४००।-
प्रति ट्रिप ठूलो ट्रिपर - ५००।-

४. मालपोत, व्यवसाय लगायतका विभिन्न करहरु संकलन गर्न २०७४ साल चैत्र महिना देखी अभियानको रुपमा संचालन गरिने छ । यस अभियानमा सहभागि हुन सम्वद्ध सबै सरोकारवालाहरुलाई अनुरोध गर्ने निर्णय गरिएको छ ।

११. कर, दस्तुर तथा शुल्कहरु छुट भएको भए नगर कार्यपालिको बैठकबाट पछि अनुमोदन गर्ने गरी कर तथा दस्तुर तोक्न अधिकार प्रत्यायोजन गरिएको छ ।

१२. सडक मापदण्ड, सडकको सिमा, सेट व्याक, घर टहराको नक्सा स्विकृत गर्न आवश्यक नपर्ने संरचना र क्षेत्र बस्ती भुगोल सम्बन्धमा देहाय अनुसार निर्णय गरिएको छ ।

१. गोरेटो बाटोको हकमा ब्लू प्रिन्टमा नभएको तर फिल्डमा गोरेटो बाटो भएको अवस्थामा वडा कार्यालयको सिफारिस अनुसार न्यूनतम बाटोको चौडाई (ROW) ४ मि. कायम हुने गरी नक्सापास गर्न सकिनेछ तथा SETBACK जग्गाको भौगोलिक बनाबट अनुसार हुनुपर्नेछ ।

२. फिल्ड र ब्लू प्रिन्ट नमिलेको अवस्थामा फिल्डलाई प्राथमिकता दिईनेछ ।

३. साबिकको प्लटिङको हकमा न्यूनतम बाटोको चौडाई ४ मि. हुनुपर्नेछ । तर नयाँको हकमा अहिलेको मापदण्ड लागु हुनेछ ।

४. पुरानो बनिसकेको घर माथि थप तल्लाको लागि भवन आचांर साहिंता (प्रविधिक मापदण्ड) पुरा भएको तर सेट व्याक तथा अन्य मापदण्ड पुरा नभए पनि थप तल्लाको अनुमति दिन सक्ने छ ।

५. नगरपालिकाले तोकेको क्षेत्र हालको धुनिवेशी ९ साविकको नौविसे गा.वि.स. वडा नं.५ को कात्तिके छापडाँडा, बतासेडाँडा, काफलचौर, मनिडाँडा, चौर नौनीथोक र सोलढुङ्गा, धुनिवेशी नगरपालिका ६ को कालिदेविस्थान, सुनारटोल, चेपाङबस्ती, हाल धुनिवेशीवडा नं.४ साविक जिवनपुर-२ को कोटखाल, धुनिवेशीवडा नं.७ साविक नौविसे-७ लेकसाईड, धुनिवेशी नगरपालिका वडा नं.१ साविक छत्रेदेउराली गा.वि.स. को वडा नं. ६ र ७ को वडारे, दमदमे, ककरे, लामागाँऊ, सिरानचौर, गैरीगाउँ, जुँगेखोलामा RCC ढलान बाहेकको हकमा नक्सापास अनिवार्य छैन ।

राजेन्द्र बहादुर अर्याल
प्रमुख प्रशासकिय अधिकृत

६. भवन आचार संहिता तथा भवन निर्माण मापदण्ड पुरा भएको हकमा बन्दै गरेको घरहरुलाई नियमानुसार स्थायी इजाजत दिन सक्नेछ ।

१३. प्रस्तुत भएका प्रगति प्रतिवेदन अनुमोदन गर्ने ।

**नगरपालिकाको तर्फबाट नगर उपप्रमुखज्यूले पेश गर्नु भएको प्रतिवेदन एवं योजना तथा कार्यक्रम विवरण :**

१. धुनीबेशी नयाँ नगरपालिका भएकोले आवश्यक पूर्वाधारहरु अत्यन्त न्यून रहेको, भाडाको सिमित कोठामा कार्यालय संचालन भएको, संयुक्त वडा कार्यालय ३ ठाउँबाट मात्र चलेको, सिमित कर्मचारी भएको, र नगरकार्यपालिको कार्यालयमा जम्मा ३ जना कर्मचारीबाट कार्य सम्पादन भएको अवस्थामा जनप्रतिनिधिले नगरको जिम्मा लिएको अवस्था थियो ।

२. तीन तहको सरकार हुँदा पूराना कानुन काम नलाग्ने र नयाँ कानुन बनाउन पूर्वाधार र जनशक्ति नभएकोले केन्द्रको सहयोग र परार्मशमा निर्भर रहनुपरेको, बजेट तथा कार्यक्रम वनाई स्विकृत गर्न समयसिमाको कमिको कारण व्यापक तयारी गरी बजेट तथा कार्यक्रम ल्याउन सकिएको थिएन ।

३. वर्षाको समय, चाडपर्वको मौसम, प्रमुख प्रशासकिय अधिकृतको वारम्वार सरुवा, तीनै तहको निर्वाचनको कारण जारी भएको आचारसंहिता, जनप्रतिनिधिहरु र कर्मचारीहरु निर्वाचनमा सहभागी हुन परेको कारणले नगरपालिकाले निर्णय गरेको योजना तथा कार्यक्रमहरुको सोचे अनुरुप कार्यान्वयमा जान नसकेको ।

४. प्रशासनिक कार्यको लागि (खरिदार, सुब्बा) वडामा कर्मचारी नभएको तर नियुक्ति गर्न पनि नमिल्ने भएका कारण दरवन्दि अनुरुप कर्मचारी आपूर्ती हुन सकेको छैन । त्यसकारण वडा कार्यालयको कामकरवाही सहज गर्न कम्प्युटर टाइप गर्न जान्ने, चिठिपत्र लेख्ने, मोटरसाईकल चलाउन सक्ने कार्यालय सहयोगीहरु वडाहरुमा भर्खर व्यवस्थापन गरिएको छ ।

५. कार्यालयमा आ–आफ्नो क्षेत्रमा काम गर्ने जनशक्ति नभएको, विषयगत कार्यालयहरुले समयमा कर्मचारी नपठाएको, जिल्ला स्थीत विषयगत कार्यालयहरुले आवश्यक तथ्याङक र विवरण नपठाउँदा काम गर्न अति कठिन भएको छ ।

६. चालु आ.व. को श्रावण महिनामा प्रथम नगर सभाबाट २९ करोड २२ लाख ७६ हजार कुल बजेट पारित गरेकोमा चालु आ.व.को मंसिर मसान्त सम्म वर्षा, चाडपर्वको समय र निर्वाचन सम्वन्धि कार्यक्रमको आचारसंहिताका कारण तिब्र रुपमा बजेट कार्यान्वयन पुरा हुन सकेन तथापी हालको अवस्थामा चालु खर्च लक्ष्य अनुसार भएपनि पुँजिगत खर्च प्रतिशत न्यून रहन गएको छ ।

७. चालु बजेटमा पौष महिना सम्म समानिकरण अनुदान तर्फ १ करोड १३ लाख, सर्सत अनुदान तर्फ ६ करोड १४ लाख, आन्तरिक तर्फ ११ लाख १८ हजार बजेट खर्च भएको छ ।

८. हाल सम्मको अवधिमा ९ ओटा योजना सम्पन्न भइसकेका छन् । जसको योजना खर्च ३६ लाख ७० हजार रहेको छ । करिब करिब ६० प्रतिशत योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेका छन् । केही महत्वपुर्ण खानेपानी योजनाहरुको डिपिआर तयार भई कार्यान्वयनको चरणमा रहेका छन् ।

९. शेषकान्त फाउण्डेशनसँग यसै नगरपालिकाको वडा नं. ५ मा संचालित २०५ घरधुरीका ५१५ जना जनसंख्यालाई व्यवस्थित खानेपानी उपलब्ध गराउन करिब ७४ लाखको परियोजना लागत साझेदारीमा सम्पन्न गर्ने गरी आवश्यक व्यवस्था मिलाइएको छ । साथै सडक वोर्ड नेपालसँगको लागत साझेदारीमा नौविसे दोभान सडकको स्तरोन्नतीको लागि कार्यक्रम सम्झौता भइसकेको छ ।

**सुरुवात गरिएका केही महत्वपूर्ण कार्यहरु:-**

१. सबै वडा कार्यालय व्यस्थित हुने कममा रहेका छन् । फर्निचर, दराज, कम्प्युटर, फोटो कपी मेसिन लगायत आवश्यक कार्यालय सामाग्रीहरु र सम्भव भए सम्मको कार्यालय सहयोगीहरुको सेवा करारमा लिई वडा कार्यालयमा पठाइएको छ ।

२. ३ वटा संयूक्त वडा कार्यालयवाट सबै वडा कार्यालय सञ्चालन भईरहेकोमा ७ वटा वडा कार्यालयले आ-आफ्नो केन्द्र वाट सेवा प्रवाह गरेका छन । वडा नं. ७ र ८ नं. वडाका वडा कार्यालयहरु केहि दिनमा आफ्नै वडा क्षेत्र भित्र कार्यालय स्थापना गरि सेवा प्रवाह व्यवस्था मिलाइनेछ ।

३. वडा नं. १ भञ्ज्याङ पोखरी, वडा नं. २ महेश फाँट, वडा नं. ६ गौचरणमा वडा कार्यालयलाई मर्मत सम्भार गरी व्यवस्थित गरिएको छ । ३ र ९ नं. वडा हाललाई भाडामा सञ्चालन गरिएको छ ।

४. कार्यालयमा ईन्जिनियर, सव-ईन्जिनियर, कम्प्युटर अपरेटर, IT ईन्जिनियर, कार्यालय सहयोगी, जिल्ला समन्वय समितिबाट २ जना कर्मचारी समेत काजमा ल्याई करिब ८ जना कर्मचारी थपिएका छन् र अबका दिनमा काम गर्न केही सहज हुने अनुमान गरिएको छ ।

५. पछिल्लो अवस्थामा ६९४३ भुकम्प प्रभावित घरपरिवार मध्ये २३१३ जनालाई दोस्रो किस्ता सिफारिस भएको ८०१ ले दोस्रो किस्ता पाइसकेको, ४०३ जनाले तेस्रो किस्ता पाइसकेका, ३९९ लाई तेस्रो किस्ता सिफारिस प्रक्रियामा रहेका छन् ।

**तालिका**

| वडा नं. | जम्मा घरधुरी | दोस्रो किस्ता सिफारिस | दोस्रो किस्ता प्राप्ती | तेस्रो किस्ता प्राप्ती | तेस्रो किस्ता सिफारिस, प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | ९०१ | ३४७ | ५८ | ५४ | ५० |
| २ | १०३७ | ३०९ | ७५ | ५२ | ५० |
| ३ | ७९३ | २९६ | १४६ | २५ | ६५ |
| ४ | ६३८ | ३०१ | १८० | ३५ | ८५ |
| ५ | ७५० | १५३ | ८० | ४५ | ४५ |
| ६ | ४२१ | २३७ | ५२ | ३५ | १५ |
| ७ | ७८७ | २८५ | ८५ | ९४ | ३५ |
| ८ | ६८३ | २६१ | ८० | ३५ | २४ |
| ९ | ९३३ | १२४ | ४५ | २८ | ३० |
| **जम्मा** | **६९४३** | **२३१३** | **८०१** | **४०३** | **३९९** |

४. भुकम्प प्रभावित परिवारलाई कम्तिमा प्रति ईटा रु.८/७५ का दरले एक घर निर्माणका लागि १० हजार ईटा सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

५. काठमाण्डौ महानगरपालिकाबाट फोहोर मैला प्रभावितलाई प्राप्त १ करोडबाट वडा नं. १ मा ११ वटा योजनाको लागि रु. ८५ लाख, वडा नं. ४ मा १ वटा योजनाको लागि रु.५ लाख र वडा नं. ३ का ४ वटा योजनाको लागि रु.१० लाख गरी जम्मा १७ वटा योजनाको लागि रु.१ करोड विनियोजन गरी योजना सम्झौता भई कार्यान्वयनको चरणमा छन् ।

६. वडा कार्यालय संचालन गर्न कार्यालय सामाग्री चिया, खर्च, स्टेशनरी लगाएतका सूविधा वडाकार्यालयलाई नै उपलब्ध गराइएको छ ।

७. साविकका वडा कार्यालय भन्दा धेरै ठूला वडा कार्यालय भएकोले कार्यालयको कामलाई सहज बनाउन प्रति वडा एक/एक ओटा मोटरसाइकल एक महिना भित्र पठाइनेछ ।

राजेन्द्र बहादुर अर्याल
प्रमुख प्रशासकिय अधिकृत

८. सामाजीक परिचालकको सेवालाई निरन्तरता दिइएको छ ।

९. नगर शिक्षा समितिको गठन, एवम् स्वास्थ्य चौकीको नयाँ व्यवस्थापन समिति गठन गरिएको छ ।

१०. स्वास्थ्य क्षेत्रको वडा स्तरिय प्रारम्भिक Planning खाका तयार भएको छ ।

११. २३ जना विरामीलाई नसर्ने रोग तर्फ प्रति व्यक्ति १० हजारका दरले आर्थिक सहायता वितरण गरिएको छ ।

१२. आन्तरिक स्रोत नबढाएमा स्विकृत योजना पूरा हुन नसक्ने हुँदा आन्तरिक स्रोत बढाउन दायरा फराकिलो पारिएको छ । सडक प्रयोग शुल्क र पर्यावरण प्रदुषण शुल्क लिइने व्यवस्था मिलाइएको छ ।

१३. खुल्ला दिशा मुक्त अभियान सञ्चालन गरिएको छ ।

१४. नगरपालिकाबाट मापदण्ड पुगेका घरलाई नक्सा पास गर्ने व्यवस्था सुरु गरिएको छ ।

१५. नगरबाट आर्थिक ऐन, विनियोजन ऐन कार्यसम्पादन नियमावली, कार्यविभाजन नियमावली, असाध्य रोग लागेकालाई आर्थिक सहायता दिने कार्यविधि, कृषि कार्यक्रम संचालन कार्यवधि स्विकृत गरि कार्यान्वयन गरिएको छ ।

१६. नगरपालिकाले धुनिवेशी नगरस्तरको व्यापक सहभागिता सहितको फुटबल प्रतियोगिता कार्यक्रम सञ्चालन गरेको छ ।

१७. भवन डिभिजन अर्न्तगत ९ जना दलित समुदायको लागि निःशुल्क आवास निर्माणमा छनौट भएका छन् आषाढ भित्र घरहरु निर्माण भइसक्नेछन्

तालिका

| क्र.सं. | नामथर | ठेगाना | क्र.सं. | नामथर | ठेगाना |
|---|---|---|---|---|---|
| १. | विशाल नेपाली | धुनिवेशी-३ | ७. | जुठे सुनार | धुनिवेशी-४ |
| २. | कृष्ण कुमार सुनार | धुनिवेशी-३ | ८. | मिठु दमिनी | धुनिवेशी-५ |
| ३. | जनक मिजार | धुनिवेशी-३ | ९. | माइली सार्की | धुनिवेशी-५ |
| ४. | रिता परियार | धुनिवेशी-३ | | | |
| ५. | राजेश मिजार | धुनिवेशी-४ | | | |
| ६. | जुठे कामी | धुनिवेशी-४ | | | |

## चालु आ.व.को बाँकी अवधीको लागि प्रस्तावहरु गरिएका नीति तथा कार्यक्रमहरु

१. लक्षित कार्यक्रम सञ्चालन गर्न त्यसबाट हुने प्रतिफलको अध्ययनलाई उच्च महत्व दिइनेछ । महिला, दलित, जनजाती, अपाङ्ग, बालबालिका लक्षित कार्यक्रमहरु चैत्र महिनादेखि सञ्चालन गरिनेछ ।

२. महिला हिंसा सँग सम्बन्धित महिला समुदायको पुनस्थापना र संरक्षणको लागि हाल निर्माणाधिन सेफ हाउसको बाँकी काम सम्पन्न गरिने छ । महिला बालबालिका, जनजाती, अपाङ्ग, दलित जस्ता कमजोर आर्थिक अवस्था र संरक्षणको अवस्थाबाट विमुख भएका व्यक्तिहरुलाई संरक्षणको लागि कोष स्थापना गरि सञ्चालन गरिने छ ।

३. अषाढ भित्र सुचना प्रविधिमा आधारित व्यक्तिगत एवं संस्थागत विस्तृत तथ्यांङ संकलन हुनेछ । यसबाट नगर क्षेत्र भित्र भएका निजी एवम् पारिवारिक घरधुरी, उद्योग व्यवसाय, व्यपारिक फर्महरु, सार्वजनिक निजी संस्थाहको लगत, तथ्यांङ र सुचना आषाढ भित्र संकलन, प्रशोधन, विष्लेशण र

भण्डारण गरी नगर सुचना केन्द्रमा राखिनेछ । यसले नगरपालिकाको पहुँच प्रत्येक घरधुरीसम्म र नगरवासीको नगरपालिकासँगको पहुँच स्थापित हुनेछ ।

४. नगरको दिर्घकालिन लक्ष्य, सोच, दृष्टिकोण, रणनीति, कार्यक्रम, बजेट खाका, धुनिवेशी नगरका गौरवका आयोजनाहरु तोक्ने गरी अल्पकालीन र दिर्घकालीन क्षेत्रगत एवं समग्र आवधिक योजना तर्जुमा हुनेछ । यसमा सम्वद्ध विज्ञहरु, स्थानिय सरोकारवाला, राजनैतिक दल, प्रतिनिधिहरुको सहयोग र परामर्श लिइनेछ ।

५. नगर यातायात गुरु योजना, हाइवे क्षेत्रमा फोहोरमैला व्यवस्थापन, वातावरणिय प्रदुषण मुल्याङ्कन र नगरपालिकाको समग्र स्थिती झल्किने गरी दृश्य चित्र र नगरपालिकाको आफ्नो पहिचान हुने लोगो निर्माण गरिनेछ ।

६. सडक डिभिजन कार्यालयको सहयोगमा त्रिभुवन राजपथ र पृथ्वी राजमार्गको पिपलामोड देखि धार्के गणेशखोला पुल सम्मको सडक हाइवे १५ मिटर दायाँ वायाँ Clear गरिनेछ । मुख्य बजारमा सडक पेटी, हरियाली र सौर्य उर्जाबाट उज्यालो प्रर्वधन गरिनेछ ।

७. २०७५ आषाढ भित्र वडा नं.३ र ९ को लागि भवन निर्माणको कार्य यसै वर्ष भित्र सूरु गरिनेछ ।

८. ट्राफिक जाम हटाउन हाइवेमा सुरक्षाकर्मि थप्न आवश्यक पहल गरिनेछ ।

९. नगरपालिका केन्द्रमा मालपोत, नापि कार्यालय र प्राविधिकहरुको सम्भाव्यताको आधारमा आफ्नै भवन बनाउनको लागि जग्गाको खोजी भईरहेको र सम्भव भएसम्म यसै बर्ष भित्र आवश्यक व्यवस्था मिलाइने छ ।

१०. स्थानीय एवम् जिल्ला रहेका रेडियो एवं एफ.एम हरुको साझेदारीमा धुनिवेशी नगरपालिकाको सुचना तथा समाचारहरु नगरवासीहरु समक्ष पुर्‍याइनेछ ।

११. विभिन्न गैरसरकारी संघसंस्थाबाट आर्थिक सामाजिक रुपले कमजोर भएका समुदायका घरधुरीहरुलाई सहकारी संस्थाहरु समेतको सहभागितामा सुधारिएको चुलो अभियान निर्माण गरिनेछ । यसको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

१२. नगर क्षेत्रको पहिचान झल्काउन सीमा स्वागतद्धार निर्माण गरिनेछ ।

१३. सहकारी संस्थाका सदस्यहरुको क्षमता बढाईने छ ।

१४. राज्यको पुर्नसंरचना, संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोकेका जिम्मेवारीहरु पुरा गर्न जनप्रतिनिधीहरु र कर्मचारीहरुलाई क्षमता बढाउन तालिम प्रदान गरिनेछ ।

१५. धुनीवेंशी क्षेत्रका कम्तिमा १८ वटा निम्न बर्गको आय आर्जन बढाउन सुधारिएको आरन स्थापना गरिनेछ ।

१६. भुकम्प र त्यसपछि विभिन्न कारणबाट सामाजिक र मानसिक समस्यमा देखिएका खासगरी महिला, बालिबालिकाहरुको लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराईने छ ।

१७. कम्तिमा १०० जना मानिसलाई आय आर्जनको लागि क्षमता अभिवृद्धि तालिम खासगरी मुडा बनाउने, महिलाको आय आर्जनमा सहयोग पुग्ने सारी तथा पाते सम्बन्धी (बुटिक) तालिम घरेलु तथा साना उद्योग कार्यालयको सहयोग र समन्वयमा सम्पन्न गरिने छ ।

१८. महिलाहरुको स्तन क्यान्सर र पाठेघर क्यान्सर सम्बन्धी निशिल्क स्वास्थ्य शिविर संचालन गरिने छ । त्यसको लागि विशेषज्ञ डाक्टरहरुको सेवा लिइनेछ ।

१९. जेष्ठ नागरिकहरुलाई सम्मान र स्वास्थ्य शिविर संचालन गरिने छ । बालबालिकाको लागि लागु औषध, मद्यपान, धुम्रपान लगायतका सामाजिक कुरिति विरुद्ध अभिभावक, शिक्षक र विद्यार्थी समेतको सहभागितामा कम्तिमा १० वटा विद्यालयमा सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ । अपाङ्गहरुको लागि मागमा आधारित कार्यक्रम संचालन गरिनेछ ।

राजेन्द्र बहादुर अर्याल
प्रमुख प्रशासकिय अधिकृत